नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १९ २०८१ साल साउन २२ गते मंगलबार (6 Aug. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : हरियो चुरा, मेहेन्दी र हरियो. ३ पृष्ठमा : सर्वोच्च अदालत : मुद्दा फर्स्योंटमा ... ३ पृष्ठमाबंगलादेशकी प्रधानमन्त्री...

# प्रधानमन्त्री आँप जोन कार्यक्रम : "उपलब्धी भन्दा भ्रष्टाचार बढी"

## ३० करोड बढीको लगानी, ५० लाखको घर हावाहुरीले उडायो

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

मधेश प्रदेशको सप्तरी र सिरहा जिल्लामा आँप किसानलाई लक्षित गरेर विगत पाँच वर्षदेखी प्रधानमन्त्री आँप जोन कार्यक्रम सुरु कस्गारिएको छ । तर उक्त कार्यक्रमको उपलब्धी भन्दा भ्रष्टाचार नै बढी देखिएको छ ।



सप्तरीको सुरुङ्गा नगरपालिकास्थित मधुपट्टीमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यालयबाट सप्तरीमा आर्थिक वर्ष २०७३/७४ देखि आँप जोन कार्यक्रम पाँच वर्षसम्म चलेको तथ्याङ्क देखाएको । अहिले पनि यस जिल्लामा सामान्य रुपमा सो कार्यक्रम चलिरहेको छ । यता सिरहामा भने आर्थिक वर्ष २०७६/७७ देखि यो कार्यक्रमले निरन्तरता पाएको छ ।

कार्यक्रम चलिरहेको अवस्थामा किसानलाई उपयुक्त सल्लाहसहित आवश्यक उपकरण, किटनाशक औषधी तथा मलखाद वितरण, कृषि प्राविधिकबाट नियमित निरीक्षण सहितका काम हुँदा सप्तरीमा आँप उत्पादन फस्टाएको थियो । उक्त पाँच वर्षको अवधीमा ३० करोड बढीको सरकारी लगानी आँप खेतीमा मात्रै भएको देखिएको छ । तर उक्त रकम बराबरको उपलब्धी भने देखिएको छैन । कर्मचारीको बदमासीले सम्पूर्ण किसानले लाभ उठाउन सकेन भने उपलब्धी पनि शून्य देखिएको छ ।

यतिमात्रै नभई प्रधानमन्त्री आँप जोन कार्यक्रम अन्तर्गत सप्तरीको कदमाहामा आँप खरीद बिक्री केन्द्र र जुस उधोग स्थापना गर्ने लक्ष्य थियो । सोही लक्ष्य बमोजिम कदमाहामा ५० लाखको लागतमा पूर्वाधारसमेत निर्माण भयो । तर, न त आँप खरीद बिक्री केन्द्र खुल्यो न त जुस उधोग नै स्थापना भयो । बरु अहिले उक्त भवन पनि भत्किने अवस्थामा पुगेको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका सप्तरीका प्राविधिक चन्दनकुमार सुनरैतले परियोजना अन्तरगत सप्तरी जिल्लामा पछिल्लो पाँचको अवधीमा ३० करोड भन्दा बढी किसानहरुमा लगानी गरिएको बताए ।

यता आँप किसानहरुले प्रधानमन्त्री आँप जोन कार्यक्रमले किसानहरुलाई खासै उपलब्धीमूलक नभएको टिप्पणी गरेका छन् । मधुपट्टीका आँप किसान बिर्जु मुखियाले परियोजनाबाट थोरै सेवा सुविधा भने पाएको स्वीकार गर्दै भने, "मल, कैंची लगायतका सामाग्रिहरु पाए, तर त्यसबाहेक अरु केही पाइएन् ।"

यस्तै अर्की बोदेबर्साइनकी आँप किसान जुवेदा खातुनले भनिन्, "आफुले अहिलेसम्म परियोजनाबाट केही पाएको छैन् ।"

यसैगरि अर्का आँप किसान सम्पतलाल महतोले परियोजना अन्तरगत जुस उत्पादन गर्ने उद्योग बनाउने लक्ष्य रहेपनि हालसम्म केही गरिएको छैन् । सो अन्तरगत ५० लाखको लागतमा बनाइएको घर पनि हावाले उडाएको उनको भनाई छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सिरहाका कृषि अधिकृत उदयकुमार सिंह तीन चार वर्ष अगाडीबाट कार्यक्रम संचालनमा रहेको र बन संचालन गरेर जुस उत्पादन गर्ने लक्ष्य रहे पनि आफू नयाँ कर्मचारी भएकोले अन्य कुरा थाहा नभएको प्रतिक्रिया दिए ।

यसरी हेर्दा सप्तरी र सिरहा जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हालसम्म एक अर्ब बराबरको बजेट खर्च भईसकेको छ । किसानलाई सहुलियत प्रदानको नाममा सरकारी बजेट खर्चको नाममा कर्मचारी र उपभोक्ता समितिहरु भ्रष्टाचारमै लागेको देखिंदा नियामक निकायद्वारा कार्यक्रमको छानबिन गरी दोषीमाथि कारबाही अगाडी बढाउनु जरुरी छ ।

## कुहिएको बदाम ड्रिङ्स फेला




**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरीको महादेवास्थित एक पसलमा ग्राहकले पिउँदै गरेको बदाम ड्रिङस कुहिएको अवस्थामा फेला परेको छ ।

सुर्यदेव डेरी उधोग प्रा.लि. अर्जुनधारा ५ झापाले उत्पादन गरेका गोपी बदाम मिल्क ड्रिङस कुहिएको अवस्थामा सोमबार फेला परेको हो ।

सो गाउँपालिका १ मिलन चौकस्थित उक्त पसलमा स्थानिय रामदेव सदाले बदाम ड्रिङस खरीद गरेर पिउनै लाग्दा कुहिएको फेला परेको बताए । उक्त बदाम जुसको उत्पादन मिति १ तारिख मार्च २०२४ रहेको छ ।

उक्त कम्पनीले उपभोक्ताको जीवनसंग खेलवाड गरी कुहिएका बदाम ड्रिङस उत्पादन गरि बजारमा पठाएको भन्दै स्थानीयले कारवाहीको माग गरेका छन् ।

## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

## सम्पादकीय

### फोहर व्यवस्थापनतर्फ पहल आवश्यक

राजविराज नगरपालिकामा अहिलेसम्म फोहर व्यवस्थापनका लागि कुनै ठोस नीति ल्याउन सकेको छैन् । नगरको विभिन्न भागबाट दिनहुँ उठाउने फोहर व्यवस्थापनका लागि पायक पर्ने खोला तथा नदीको किनारमा व्यवस्थापन गर्ने बाध्यता रहेको छ । यसरी फोहर नदी, खोलाना किनारमा फ्याक्ने प्रवृती कदापी राम्रो होइन् । किन भने सो नदी, खोलामा बग्ने पानी पशु चौपायाले पिउने गर्छन् । जसकारण पशु चौपाया बिरामी पर्ने सम्भावना समेत रहेको छ ।

हुन त फोहर मैला व्यवस्थापनका लागि सबै पालिकाले आ-आफ्नो अनुकुल क्षेत्रमा फोहर व्यवस्थापन गर्ने गरेका छन् । कतिपय पालिकामा हालसम्म फोहर व्यवस्थापन गर्ने योजना समेत रहेको छैन् । जनता आ-आफ्नै घरमा फोहर व्यवस्थापन गर्ने गरेका छन् । राजविराज नगरपालिकामा फोहर व्यवस्थापनका लागि हरेक वर्ष बजेट नै छुट्याइन्छ । नदी क्षेत्रमा फोहर फ्याल्नाले नदी आफै दुर्गन्धीत हुनका साथै पानी परेको बेला सो फोहर पुनः बाढीको सँगै स्थानियकै घरमा पुग्ने गर्दछ । यति मात्र नभएर शौचालयको फोहर समेत विभिन्न नीजि तथा पालिकाको फोहरलाई एकत्रित गरि त्यसलाई सडाईगलाई मलखाद बनाउन सकिन्छ । र सो मलखाद खेतीका लागि निकै नै फलदायी हुन्छ ।

पालिकाले अझै ड्याम्पिङ साइटका लागि कुनै क्षेत्र तोक्न सकेको छैन् । तसर्थ सबै पालिकाले डयाम्पिङ साइट निर्माण गरि फोहरबाट मोहर बनाउने कामलाई सुरुवात गर्नु पर्दछ । यसले फोहर व्यवस्थापन हुनका साथै किसानहरुलाई मलखादको समस्याबाट थोरै भएपनि छुटकारा दिन मद्दत पुग्ने छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हरियो चुरा, मेहेन्दी र हरियो पहिरनप्रति बढ्दो आकर्षण

**अजयकुमार साह**

धनुषा, २१ साउन (रासस) ।

अहिले प्रायः हिन्दू महिलाका नाडी काँचका हरिया चुरामा सजिएको देखिन्छ । साउन लागेलगत्तै उनीहरूमा छुट्टै उत्साह र उमङ्ग छाएको छ तर धेरैलाई यसको महत्व र सन्दर्भका बारेमा जानकारी नभई अर्काको देखासिकी र फरक देखिने सोखले रातो, पहेँलो र हरियो चुरापोते तथा कपडा महिलाको रोजाइमा परेको छ ।

पछिल्ला वर्षमा किशोरीहरूमा समेत मेहेन्दी र हरियो चुरा लगाउने 'क्रेज' बढेको छ । यसलाई धार्मिक विश्वासभन्दा पनि धेरैले फेसनका रूपमा लिने गरेका छन् । कतिपयले यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालेको आरोप लाग्न थालेको छ । हातमा हरियो, रातो र पहेँलो चुरा लगाएर शिवजीको पूजा गर्दा खुसी बढ्ने कतिपय महिलाहरू बताउँछन् । धेरै महिला श्रीमान्‌को सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै साउनको सोमबार व्रत बस्ने गर्दछन् ।

साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्ने धार्मिक विश्वासले गर्दा आफूले हरियो चुरा, मेहेन्दी र पहिरन लगाएको जनकपुरधामकी स्थानीय तथा नेपाल पत्रकार महासङ्घकी केन्द्रीय सदस्य रिङ्कू गायत्री मिश्र बताउनुहुन्छ । उहाँले भन्नुभयो, "साउन महिना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले महिनाभरि हरियो चुरा लगाउने महिलाहरूको रोजाइमा पर्छ ।"

मधेस प्रदेश चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डकी सदस्य तथा मोडेलसमेत रहेकी जनकपुरधामकी पुष्पा यादव हरियो चुरासँगै मेहन्दीले हात सजाएको बताउँदै परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहन्दी तथा चुरा देखेपछि अरूले पनि रहरले लगाउने गरेको बताउनुहुन्छ ।

जनकपुर उपमहानगरपालिका भानुचोक बस्दै आएकी सम्झना भट्टराई पनि वर्षौंदेखि साउनमा हातमा हरियो चुरा, मेहेन्दी र राता कुर्थासुरुवालमा सजिएर हिँड्ने र सोमबार व्रत बस्ने गर्नुहुन्छ । उहाँको श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा साउदीमा हुनुहुन्छ । श्रीमान्‌को दीर्घायुको कामना गर्दै साउने सोमबारमा व्रत बस्ने गरेको उहाँको भनाइ छ । सम्झनाले आफ्नी सानी छोरीलाई हातभरि हरियो रङको चुरा र मेहेन्दी लगाइदिएको बताउनुभयो ।

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी सुनिता अधिकारी साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन बिस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहेन्दी लगाउनेको सङ्ख्याचाहिँ वर्षौंपिच्छे बढ्दै गएको बताउनुहुन्छ । "पहिले गाउँघरमा मेहेन्दी पाइँदैन थियो । मेहेन्दी लगाउने चलन पनि थिएन । महिलाहरूले आँगन र बारी जताततै पाइने तिउरे फूलको पात हत्केलामा दल्थे । हिजोआज तिउरेको ठाउँ मेहेन्दीले लिएको छ," मिथिला नगरपालिकाकी महिला अधिकारकर्मी बिना कडारीले भन्नुभयो ।

हिन्दू धर्म संस्कृति मान्ने महिलाहरूमा मात्र सीमित मेहेन्दी र चुरा हिजोआज सबैजसो महिलाको रोजाइमा पर्न थालेको छ । साउन महिनामा घरायसी महिलादेखि अफिसमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरी समेतले हरियो चुरा, मेहेन्दी लगाएको देखिन्छ । साउनमा शृङ्गारका सामान अन्य महिनाको तुलनामा निकै बिक्री हुने व्यापारीहरू बताउँछन् । साउनको पहिलो दिनदेखि नै बजारमा रहेका शृङ्गार सामानका पसलमा चुरापोते, हरिया, राता, पहेँला वस्त्र खरिदकर्ताका भीड बढिरहेको छ । महेन्द्रनगरस्थित मीना शृङ्गार पसलकी सञ्चालिका मीनादेवी साहले असारको मध्यदेखि नै हरियो चुराको बिक्री बढेको बताउनुभयो ।

पुरोहित इन्द्रकान्ता झा विवाहित महिलाले पतिको सुख, शान्ति र दीर्घायुको कामना गर्दै यसमा सहभागी हुने र व्रत पनि बस्ने गरेको बताउनुहुन्छ । अविवाहित युवती पनि राम्रो वर प्राप्त होस् भन्ने भनी हरियो चुरा र मेहेन्दी लगाउँछन् । साउनको सोमबार जिल्लाका सबैजसो शिव मन्दिरमा पूजा गर्न जाने महिलाको घुइँचो हुने गर्छ ।

पौराणिक मान्यताअनुसार साउन महिना शिवको महिनाका रूपमा लिइन्छ । पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर भगवान् शिवलाई प्राप्त गरेको प्राचीन विश्वासको आधारमा महिलाले यसलाई बढी महत्वका रूपमा लिने गर्छन् । माता पार्वतीले पति महादेवलाई खुसी बनाई सौभाग्य प्राप्त गर्न हरिया चुरा, पोते र हातमा मेहेन्दी लगाएकी थिइन् र साउनमा जताततै हरियाली हुने हुनाले त्यही हरियालीमा रमाएर महादेवबाट सौभाग्य प्राप्ति भएको विश्वास गरिन्छ ।

त्यही विश्वासका आधारमा साउनमा हरियो पहिरिँदा भगवान् शिव खुसी हुने धार्मिक मान्यता रहिआएको छ । हरियो रङ प्रकृति, उर्वरता, सौभाग्य र सकारात्मक ऊर्जाको प्रतीक रहेको पनि कतिपयको बुझाइ छ । शास्त्रमा प्रकृतिलाई ईश्वरका रूपमा लिइन्छ । हरियो चुरा र साडी लगाएर नारीले प्रकृतिलाई विशेष पूजा गरेमा आफू र पतिको आयु बढ्ने विश्वास छ ।

संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीका अनुसार हरियोलाई प्रेमको, रातोलाई सौभाग्यको एवं पहेँलोलाई पवित्रताको प्रतीकका रूपमा लिइन्छ । हरियो रङ बुध ग्रहको समेत प्रतीक मानिन्छ । बुध ग्रह भविष्य तथा व्यापारसँग जोडिने धार्मिक मान्यता छ । शास्त्री नवीन प्रियदर्शी हरियो रङ सौभाग्यको प्रतीक मान्नुहुन्छ । साउन हरियालीको महिना पनि हो र यो महिना प्रकृतिसँग आफूलाई जोड्ने महिना पनि भएकाले हरियो रङका कपडा लगाएर प्रकृतिसँग नजिकिने गरिएको हो ।

हरियो उपचारको रङ पनि हो, जो मुटुसँग जोडिएको हुन्छ । उच्च रक्तचापको समस्याका लागि पनि हरियो राम्रो मानिन्छ । विवाहित जोडीको सुमधुर सम्बन्धमा पनि सुत्ने कोठाको दक्षिण पूर्वी भागमा हरियो रङ लगाएमा दाम्पत्य जीवन सुखी हुन्छ भन्ने वास्तुशास्त्रमा उल्लेख गरिएको छ । साउनमा हरियो चुरा, मेहेन्दी लगाउँदा घरमा शुभ हुने तथा सर्पदंशबाट जोगिने विश्वास छ ।

विवाहित महिलाले मेहेन्दी, हरियो चुरा लगाउँदा उनीहरूको सुन्दरता बढ्ने र श्रीमान्-श्रीमतीको सम्बन्ध प्रगाढ हुने बताइन्छ । चुरा लगाउँदा यसको ध्वनिले मानिसको मस्तिष्कलाई एकाग्रता राख्न मद्दत गर्दछ भने मेहेन्दीले पनि स्वास्थमा फाइदा पुऱ्याउँछ । मेहेन्दीको शीतलताले तनाव, टाउको दुखाइ र ज्वरोको समस्या नआउने मान्यता रहिआएको छ । नङलाई बढाउनका लागि पनि मेहेन्दी निकै प्रभावकारी मानिन्छ ।

अधिकारकर्मी डा अरुणा उप्रेतीको अनुसार कुनै पनि विषयको बजार बनाउनेहरू बडो मनोवैज्ञानिक हुन्छन् । मान्छेको मनमा के कुराले पिरोल्छ भनेर उनीहरूले अनेक अनुसन्धान गरेका हुन्छन् । महिलालाई पतिको प्रेम र स्वास्थ्यको नाममा जे पनि बिकाउन सजिलो हुने भएकाले साउन महिनामा हरियो चुराको संस्कृतिलाई व्यापार बनाउन सजिलो भएको उहाँको भनाइ छ ।

डा उप्रेती भन्नुहुन्छ, "कुनै पुरुषले हरियो कमिज र हरियो टोपी लगाएर हिँड्यो भने श्रीमती र छोरीको आयु बढ्छ भनेर किन कुनै धर्मग्रन्थमा नलेखेको होला ? किन कुनै धर्मगुरुले नभनेको होला ? आखिर परिवारमा त श्रीमान् मात्रै धेरै आयु बाँचेर त भएन, श्रीमती पनि त बाँच्नुपर्‍यो । दाम्पत्य जीवन सुखी बनाउन श्रीमान्‌को कुनै दायित्व नै नहुने हो कि ? सबैको आयु बढाउने जिम्मा श्रीमतीको मात्रै किन होला ? यस्तो प्रश्नको जवाफ महिलाहरूले खोजी गर्न थाल्नुपर्छ ।"

उहाँका अनुसार बजारमा हरियो सारी, कुर्था र चुरा किन्नेहरूसँग पहिले नै दराजमा थरीथरीका लुगा हुन्छन् तर बजारले महिलाको मनमा के घुसाइदिएको छ भने हामीले नयाँ हरियो लुगा नकिने, हरियो चुरा नलगाए पतिको आयु बढ्दैन । उहाँ भन्नुहुन्छ, "म पतिलाई माया गर्छु भन्ने कुरा संसारलाई किन देखाउनुपर्‍यो ? यस्तो प्रश्न महिलाहरू किन गर्दैनन् ? हरियो, रातो, नीलो जुन चुरा पनि महिलाले लगाए हुन्छ तर जब बजारले त्यो लगाउनैपर्छ भन्ने बाध्यता गर्छ अनि महिलाहरूले 'हामी त्यसो गर्दैनौं' भन्न किन नसकेका होलान् ?" बरु प्रेमको प्रतीकस्वरूप श्रीमान्‌श्रीमतीले दुईवटा रुख रोपेर साउन महिना मनाउन डा उप्रेती सल्लाह दिनुहुन्छ ।

जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी

# सर्वोच्च अदालत : मुद्दा फर्स्योटमा सुधार

**कालिका खड्का**

काठमाडौँ, २१ साउन (रासस)।

सर्वोच्च अदालतले आर्थिक वर्ष २०८०/८१ मा १५ हजार चार सय ८४ (३९ दशमलव ८४ प्रतिशत) मुद्दा फर्स्योट गरेको छ। विगत पाँच वर्षका तुलनामा यो सङ्ख्या सबैभन्दा धेरै हो।

सो आवमा सर्वोच्चमा ४० हजार नौ सय ९२ मुद्दा भएकामा २५ हजार चार सय २५ मुद्दा फर्स्योट गर्न बाँकी छ। आव २०७९/८० मा ३० दशमलव १७ प्रतिशत, आव २०७८/७९ मा १९ दशमलव एक प्रतिशत, आव २०७७/७८ मा १५ दशमलव ८२ प्रतिशत र आव २०७६/७७ मा ३० दशमलव ५१ प्रतिशत मुद्दा फर्स्योट भएको थियो।

सर्वोच्च अदालतका रजिष्ट्रार विमल पौडेलले सर्वोच्च अदालतमा मुद्दाको फर्स्योट सुधारोन्मुख रहको र सबै मुद्दालाई उत्तिकै प्राथमिकता दिएर छिटो सुनुवाइ गर्ने योजनाका साथ काम गरिरहेको बताउनुभयो। "छिटो मुद्दा फर्स्योट गर्ने न्यायालयको योजना नै रहको छ, तर अदालती प्रक्रिया पुर्‍याउनुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "प्रक्रिया पुर्‍याउँदा कतिपय मुद्दा समयमा फर्स्योट भएको अवस्था पनि छ, न्यायाधीशको सङ्ख्या घट्दै जाँदा पनि असर पर्ने गरेको छ।"

आव २०८०/८१ मा दुई वर्ष नाघेका मुद्दा पनि सर्वोच्चले सबैभन्दा धेरै फर्स्योट गरेको छ। विगत पाँच वर्षको तुलना गर्दा उक्त आबमा दुई वर्ष नाघेका सबैभन्दा बढी मुद्दा आठ हजार एक सय २२ (४० दशमलव ३२) प्रतिशत मुद्दा फर्स्योट गरेको छ। दुई वर्ष नाघेका मुद्दा २० हजार एक सय ४२ रहेकामा १२ हजार २० मुद्दा फर्स्योट गर्न बाँकी रहेको छ।

आव २०७९/८० मा छ हजार आठ सय ९३ (३१ दशमलव २८ प्रतिशत), २०७८/७९ मा चार हजार आठ सय ५५ (२२ दशमलव ५६ प्रतिशत), २०७७/७८ मा दुई हजार तीन सय २६ (११ दशमलव ३९ प्रतिशत) र २०७६/७७ मा एक हजार तीन सय ९९ (नौ दशमलव ३८ प्रतिशत) मुद्दा फर्स्योट गरेको थियो।

सर्वोच्च अदालतका रजिष्ट्रार भद्रकाली पोखरेलका अनुसार अदालतमा पर्याप्त मात्रामा जनशक्ति हुँदा मुद्दा फर्स्योट तीव्र हुने गरेको छ। तर, न्यायाधीशहरूको सङ्ख्या कम हुनेबित्तिकै मुद्दा फर्स्योटमा असर पर्छ। "न्यायका उपभोक्तालाई सहज बनाउन अनलाइन मुद्दा दर्ता, भर्चुअलबाट सुनुवाइजस्ता काम भइरहेको छ", उहाँले भन्नुभयो, "छिटोछरितो न्याय, न्यायमा पहुँच पुर्‍याउन प्रत्यन्त भइरहेको छ।"

सर्वोच्चमा पाँच वर्ष नाघेका मुद्दा जम्मा तीन हजार दुई सय ४२ बाँकी छ। आव २०८०/८१ मा चार हजार पाँच सय ६५ (५८ दशमलव ४७) रहेको छ। थुनुवा मुद्दामा एक हजार सात सय ४८ बाँकी रहेको छ।

सर्वोच्चले मुद्दा व्यवस्थापनमा पाँच वर्ष नाघेका मुद्दाको सुनुवाइका लागि छुट्टै इजलासको व्यवस्था गर्ने, सर्वोच्चमा ५० प्रतिशत कैद भुक्तान गरेका थुनुवा मुद्दाको छुट्टै इजलासको व्यवस्था गर्ने नीतिगत व्यवस्था गरेको छ।

विकास निर्माणसँग सम्बन्धित मुद्दाको सुनुवाइका लागि छुट्टै इजलासको व्यवस्था गरिएको छ। विसं २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट इजलास गठन गरी मुद्दाको तोकिने पद्धतिको विकास गरिएको छ। सर्वोच्च अदालतमा स्वचालित प्रणाली (अटोमेसन) प्रणालीबाट २०८० भदौ १२ गतेदेखि पेसी तारेख सुरु गरिएको छ। उच्च अदालतमा पनि २०८० पुस ९ गतेदेखि पेसी तारेख स्वचालित प्रणालीमा प्रारम्भ गरेर मुद्दा व्यवस्थापन गरिएको छ।

जिल्ला अदालतमा २०८१ साउन १ गतेदेखि पेसी तारेख स्वचालित प्रणालीबाट सुरु गरिएको छ। उच्च अदालत र जिल्ला अदालतमा गोला प्रक्रियबाट इजलास गठन गरी मुद्दा तोकिने पद्धतिको सुरुआत भएको छ। गत जेठ १ गतेदेखि अनलाइन रिट निवेदन दर्ता पनि प्रारम्भ गरिएको छ।

शीघ्र र गुणस्तरीय न्याय सम्पादन गर्न यसै आर्थिक वर्षमा काठमाडौँ जिल्ला अदालतमा पारिवारिक इजलास सुरु गरिएको थियो। यही साउन १ गतेदेखि मोरङ, धनुषा, कास्की, रुपन्देही र बाँकेमा पारिवारिक इजलास सुरुआत भएको छ।

सर्वोच्च अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीका अनुसार प्रत्येक वर्ष मुद्दा थपिँदै जाने तर आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्थापन गर्न राज्यबाट कुनै लगानी हुने गरेको छैन। "समयमा न्यायाधीश नियुक्ति हुँदैन, जनशक्तिको क्षमता अभिवृद्धिमा राज्यले लगानी गर्दैन", उहाँले भन्नुभयो, "मेलमिलाप पद्धतिबाट विवाद समाधान गर्ने पद्धति प्रभावकारी छैन, बाधा अवरोधबीच पनि मुद्दा फर्स्योटमा पूर्ण रूपमा ध्यान दिएको छ।"

आव २०८०/८१ मा उच्च अदालतहरूमा ४० हजार आठ सय ९७ (६२ दशमलव ६१ प्रतिशत) मुद्दा फर्स्योट भएको छ। उच्च अदालतमा ६५ हजार तीन सय १० मुद्दा रहेकामा २४ हजार चार सय १३ मुद्दा बाँकी छ। जिल्ला अदालतमा तीन लाख ६४ हजार पाँच सय ९४ मुद्दा रहेको छ। त्यसमध्ये दुई लाख तीन हजार आठ सय २७ (५५ प्रतिशत ९०) फर्स्योट भएको छभने एक लाख ६० हजार सात सय ६७ मुद्दा बाँकी छ।

यही साउन १ गते न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाले न्यायपालिका सुधारका लागि स्पष्ट खाका तयार गरी छिटोछरितो न्याय र न्यायिक सुधार मुख्य रूपमा समेटिएको छ।

# विपद्जन्य घटनामा उद्धार र राहतको प्रभावकारी व्यवस्था गर्नुपर्नेमा जोड

काठमाडौँ, २१ साउन (रासस)।

राष्ट्रियसभाको बैठकमा सांसदहरूले बाढी, पहिरो, डुबान, बस दुर्घटना, हवाई दुर्घटनालगाय प्राकृतिक विपद्मा परेका पीडित नागरिकलाई तत्काल उद्धार, राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभएको छ।

सोमबारको बैठकको विशेष समयमा बोल्दै सांसद जगप्रसाद शर्माले वर्षातको समयमा आएको बाढी, पहिरो डुबानका साथै बस तथा हवाई दुर्घटनालगायत प्राकृतिक विपद्जन्य घटनामा मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। उहाँले शोकसन्तप्त परिवारजनमा गहिरो समवेदन प्रकटन गर्दै ती घटनामा आवश्यक उद्धार, राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद शर्माले स्थिर सरकार, संविधानको संशोधन र समृद्धिको नाराका साथ अगाडि बढेको वर्तमान सरकारको कार्यकाल सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो। उहाँले संविधान संशोधन गरेर प्रभावकारी कार्यान्वयन गर्ने विषय स्वागतयोग्य रहेको भन्दै संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेका परिवर्तनकारी शक्तिको भावनालाई पनि समटेर संशोधन गरिनुपर्नेमा जोड दिनुभयो।

सांसद कृष्णबहादुर रोकायले मनसुनजन्य विपद्का घटना न्यूनीकरण गर्न सरकारले विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सङ्घीय सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय गरी विपद्का न्यूनीकरणसम्बन्धी प्रभावकारी योजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने खाँचो औँल्याउनुभयो।

सांसद रोकायले जागरकोट भूकम्पका पीडित नागरिक मनुसुनजन्य विपद्का कारण थप पीडामा परेका, गत असार ३१ गते राति परेको अविरल वर्षाका कारण रुकुमपश्चिमका झिनचौर, खोला, तातोपानी खोला र डावाखेत खोलामा आएको बाढीले ठूलो धनजनको क्षति भएको भन्दै पीडितलाई राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन माग गर्नुभयो।

उक्त घटनामा बेपत्ता डिल्लिबहादुर बुढाथोकीको अवस्था हालसम्म अज्ञात रहेको भन्दै सोही घटनामा धनिषा पुन, हितमाया पुन र मनिषा सार्कीको मृत्यु भएको सांसद रोकायले जानकारी दिनुभयो। जिल्लाका अन्य भेगमा भएको विपद्जन्य घटनाका पीडितलाई क्षतिपूर्तिको व्यवस्था मिलाउन उहाँले सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद घनश्याम रिजालले हालै सौर्य एयरलाइन्सको विमान दुर्घटना, त्रिशुली नदिमा दुई बस बेपत्ता भएको घटनासहित देशका विभिन्न स्थानमा बाढी, पहिरोलगायत विपद्जन्य घटनामा ठूलो जनधनको क्षति भएको भन्दै विपद्जन्य घटना न्यूनीकरण गर्न सरकारले योजनाबद्ध पहल थाल्नुपर्नेमा जोड दिनुभयो।

सांसद रिजालले विभिन्न घटनामा मृत्युभएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो। उहाँले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताको खोज तथा उद्धारलाई प्रभावकारी बनाउन सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद रिजालले संविधान संशोधनको क्रममा संविधानमा रहेका समानुपातिक र समवोशी प्रणालीलाई निरन्तरता दिन आग्रह गर्नुभयो।

सांसद कमला पन्तले प्राकृतिक विपत्तिका घटनाले मुलुक आक्रान्त बनेको र जनजीवन अस्तव्यस्त भएको भन्दै यसप्रति सरकार संवेदनशील बन्नुपर्ने बताउनुभयो। उहाँले संविधानमा व्यवस्था भएको संशोधनको प्रक्रिया अगाडि बढ्नु सकारात्मक रहेको, विभिन्न वर्ग, क्षेत्र र समुदायबाट संविधान समयसापेक्ष संशोधन गर्न माग आइरहेको सन्दर्भमा वृहत छलफल र बहससहित यसलाई सकारात्मक निष्कर्षमा पुऱ्याइनुपर्नेमा जोड दिनुभयो।

सांसद पन्तले संविधान संशोधन गर्दा संविधानमा व्यवस्था भएको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक जाती र लिङ्गको सुनुश्चित हुनुपर्ने, स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा हुनुपर्ने, प्रदेशसभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणाली अनुरुप हुनुपर्ने तथा सङ्घीय प्रतिनिधिसभाको निर्वाचन पूर्णसमानुपातिक निर्वाचन प्रणाली अनुरुप हुनुपर्नेलगायत विषयलाई समेट्न माग गर्नुभयो।

सांसद पन्तले राष्ट्रियसभालाई प्राज्ञिकसभाको रूपमा स्थापित गरी, एक व्यक्ति कतिपटक प्रधानमन्त्री र मुख्यमन्त्री हुने, मन्त्री तीनपटक र सांसद चार पटक हुने व्यवस्था गर्न पनि माग गर्नुभयो।

सांसद सुमित्रा विसीले प्राकृतिक विपत्तिका घटनामा ठूलो धनजनको क्षति भएको भन्दै विपद् न्यूनीकरणमा सबै एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विभिन्न घटनाका मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदन प्रकटन गर्नुभयो। उहाँले स्वास्थ्यकर्मीको समस्या समाधान गर्न नीतिगत सुधार जरुरी रहेको बताउनुभयो।

## विश्व समाचार

### बंगलादेशकी प्रधानमन्त्री हसिनाले पदबाट राजिनामा

ढाका, २१ साउन (रासस/एएफपी)।

बङ्गलादेशी प्रधानमन्त्री शेख हसिनाले आफ्नो पदबाट राजीनामा दिनुभएको सेनाप्रमुख वाकर-उज-जमानले सोमबार दिउसो जानकारी गराउनुभएको छ।

प्रधानमन्त्री हसिनाको राजिनामाको माग गर्दै गरिएको आन्दोलनमा ढाकामा व्यापक सहभागितापछि प्रधानमन्त्री हसिनाले पदबाट राजिनामा दिनुभएको हो। उहाँले आफ्नो व्यक्तिगत सुरक्षालाई मध्यनजर सरकारी निवास (गणभवन) छोडेर सुरक्षित स्थानमा जानुभएको छ।

"प्रधानमन्त्री शेख हसिनाले राजिनामा दिनुभएको छ। अब सेनाको पहलमा अन्तरिम सरकार बन्नेछ," उहाँले भन्नुभयो। कामचलाउ सरकारको नेतृत्व सेनाप्रमुख जमानले आँफै गर्नुहुनेछ वा अन्य कसैलाई जिम्मेवारी दिइनेछ भन्ने बिषयमा उहाँले केही बताउनुभएको छैन।

बङ्गलादेशको सरकारी टेलिभिजनमार्फत राष्ट्रका नाममा प्रसारण गरिएको कार्यक्रममा बङ्गलादेशका सेना प्रमुख जमानले सोमबार हसिनाले राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताउनुभएको हो।

"देशले धेरै क्षति व्यहोरेको छ, अर्थतन्त्र प्रभावित भएको छ, धेरै मानिस मारिएका छन्। अब, यो हिंसा रोक्ने समय हो।" वाकरले भन्नुभयो। "मलाई आशा छ, यो सम्बोधनपछि स्थितिमा सुधार आउनेछ।"

बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको छ। आन्दोलनका क्रममा आइतबार ९४ जनाको मृत्यु भएको थियो भने अहिलेसम्म कम्तीमा ३०० जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बालबालिका, महिलासहित कैयौँ सर्वसाधारण रहेका स्थानीय मानव अधिकारवादी समूहले जनाएका छन्।

### पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलन आयोजना गर्दै भारत

नयाँदिल्ली, २१ साउन (रासस/एएनआई)।

पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलनको आयोजना अगस्ट ६ देखि ८ सम्म भारतको नयाँदिल्लीमा गर्न सम्पूर्ण तयारी सकिएको भारतले जनाएको छ। सम्मेलनको लागि बिदेश मन्त्रालयले भारतीय उद्योग परिसङ्घ (सिआइआई) सँगको सहकार्यमा तीन दिने कार्यक्रमको आयोजना गर्नेछ।

बिदेश मन्त्रालयको प्रेस बिज्ञप्ति अनुसार बिदेश मन्त्री एस जयशङ्करले सम्मेलनको उद्घाटन गर्नुहुने छ भने केन्द्रीय बाणिज्य तथा उद्योग मन्त्री पियुष गोयललगायतका नेताहरूले सम्मेलनलाई सम्बोधन गर्नेछन्।

सम्मेलनमा व्यापार, बाणिज्य, उद्योगका साथै ऊर्जा क्षेत्रका समस्याबारे बिमस्टेक सदस्य राष्ट्रका मन्त्री, उच्च पदस्थ सरकारी अधिकारी, उद्यमीलगायतको सहभागितामा छलफल हुनेछ। मन्त्रालयले सम्मेलनको पहिलो उद्देश्य बहु-क्षेत्रीय प्राबिधिक तथा आर्थिक सहयोगका लागि बे अफ बङ्गाल इनिसिएटिभ (बिमस्टेक) का सदस्य राष्ट्रबीच व्यापार र लगानीको माध्यमबाट क्षेत्रीय सहयोगलाई वृद्धि गर्ने रहेको जनाएको छ।

कार्यक्रम आर्थिक सहकार्य सहज बनाई व्यापार, ऊर्जा सुरक्षा, दिगो विकासललगायतमा केन्द्रित रहने छ।

### चीनमा बाढीका कारण आठको मृत्यु, १९ बेपत्ता

बेइजिङ, २१ साउन (रासस/क्यूएनए)।

दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको काङ्गडिङ सहरमा आएको बाढी र पहिरोका कारण आठ जनाको मृत्यु हुनुका साथै १९ जना बेपत्ता भएका छन्। बाढीका कारण समुद्री सतहबाट एक हजार ३०० मिटरको उचाइमा अवस्थित उपत्यकामा रहेको एउटा पुलका साथै घरहरू क्षतिग्रस्त भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

अधिकारीका अनुसार प्रभावित क्षेत्र नजिकैका पहाड र समुद्र सतहबाट पाँच हजार मिटरभन्दा बढी उचाइमा समेत बाढी र पहिरोबाट छ जनाको मृत्यु हुनुका साथै ११ जना बेपत्ता भएका छन्।

यसैगरी बाढीले पुल भत्काउँदा यातायात आवागमनसमेत प्रभावित भएको छ। चिनियाँ समाचार संस्था, सिन्ह्वाले उद्धारमा संलग्न एक कार्यालयलाई उद्धृत गरी एक व्यक्तिलाई उद्धार गरी अस्पताल लगिएको र अन्य दुई जनाको मृत्यु भएको जनाएको छ।

स्थानीय अधिकारीले प्रकोपको बारेमा जानकारी दिँदै उद्धार अभियानमा अहिलेसम्म एक हजार ५५४ जना उद्धारकर्तालाई प्रभावित क्षेत्रमा पठाइएको र उद्धार कार्य जारी राखेको जनाएका छन्।

# मुलुकभर चौतिस हजार दुई सय ६७ किमी सडक विस्तार

काठमाडौँ, २१ साउन (रासस)।

मुलुकभर हालसम्म ३४ हजार दुई सय ६७ किलोमिटर सडक विस्तार गरिएको छ। भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयअन्तर्गत सडक विभागको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा गोष्ठीमा आइतबार विभागले यस्तो जानकारी दिएको हो।

विभागका महानिर्देशक रामहरि पोखरेलले आव २०८०/८१ को फागुन मसान्तसम्म १८ हजार दुई सय ४१ किलोमिटर कालोपत्र, सात हजार ६ सय ९७ किलोमिटर ग्राभेल र आठ हजार तीन सय २९ किलोमिटर कच्ची सडक विस्तार भएको जानकारी दिनुभयो।

गत आवमा सडक निर्माणका लागि करिब रु एक खर्ब सात अर्ब २६ बजेट विनियोजन (संशोधन सहितका) भएकामा कूल खर्च ६९ दशमलव ५२ प्रतिशत खर्च भएको छ। जसमध्ये ८५ दशमलव ४० प्रतिशत चालुतर्फ, ६९ दशमलव १७ प्रतिशत पुँजीगततर्फ खर्च भएको सडक विभागको तथ्याङ्क छ।

यसैगरी, राष्ट्रिय गौरवका आयोजनामध्ये पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजनाअन्तर्गत एक हजार चार सय ५२ किलोमिटर सडक र एक सय पाँच पुल निर्माण सम्पन्न भएको छ। यस आयोजनाको भौतिक प्रगति ७६ दशमलव ९५ र वित्तीय प्रगति ८० दशमलव ८२ प्रतिशत भएको विभागले जनाएको छ। हुलाकी राजमार्ग आयोजनाको भौतिक प्रगति ६६ दशमलव ११, वित्तीय प्रगति ६१ दशमलव ९९ प्रतिशत र कोशी करिडोरमा दुई किमी सडक कालोपत्र र १० वटा पुलको निर्माण सम्पन्न भएको छ।

कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत गैँडाकोट-रामदी-मालढुङ्गा खण्ड (दुई सय ४५ किमी) अन्तर्गत एक सय ९० किमी र मालढुङ्गा-बेनी-जोमसोम खण्ड (दुई सय दुई किमी) अन्तर्गत ५१ किमी कालोपत्र सडक निर्माण भएको छ। यसैगरी, कर्णाली करिडोरअन्तर्गत (दुई सय ६९ किमी) हुम्ला जिल्ला सदरमुकाम सिमीकोट पनि राष्ट्रिय सडक सञ्जालमा जोडिएको विभागको तथ्याङ्कमा उल्लेख छ।

पूर्व पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत बर्दिबास निजगढमा ६५ किमी 'ट्र्याकबेड' र १३ वटा रेलवे पुलको निर्माण भएको छ। जसको भौतिक प्रगति ४५ दशमलव चार, वित्तीय प्रगति ४५ दशमलव ३३ प्रतिशत भएको विभागका महानिर्देशक पोखरेलले बताउनुभयो।

# मनसुनजन्य विपद्बाट एक सय ५४ को मृत्यु

काठमाडौँ, २१ साउन (रासस)।

यसवर्षको मनसुनजन्य विपद्बाट हालसम्म एक सय ५४ जनाको मृत्यु भएको छ। बाढी, पहिरालगायत विपद्बाट काठमाडौँ उपत्यकामा तीन, कोसीमा २५, मधेशमा छ, बागमतीमा ३०, गण्डकीमा ४३, लुम्बिनीमा २९, कर्णालीमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

विपदमा परी ४७ जना बेपत्ता तथा एक सय ८६ जना घाइते भएका छन्। बाढीका कारण तीन सय ८४ घर डुबानमा परेका छन्। दुई सय ६१ घर, ९५ गोठ, ४३ पुल, दुई/दुई वटा विद्यालय र सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ। गत जेठ २८ यता विपद्का घटनाबाट चार हजार दुई सय ३८ घर परिवार विस्थापित भएका छन्।

# अपरिचित युवकको शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, २१ साउन।**

सिरहाको गोलबजारमा अपरिचित व्यक्तिको शव फेला परेको छ। गोलबजार नगरपालिका-१ वहिरीबाँध नजीकैको ग्राभेल उत्खनन् गरेको खाल्डोमा अन्दाजी ३२ वर्षीय युवकको शव सोमबार फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

मृतक पहिचान खुल्न सकेको छैन। प्रहरीले घटनाको प्रकृति मुचुल्का उठाएर पोष्ट मार्टमकोलागि लहानस्थित प्रादेशिक अस्पताल पठाएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सुनिल कार्कीले जानकारी दिए।

उनले घटनाको अनुसन्धान भइरहेको र घटनामा संलग्न रहेको आशंकामा एक जनालाई नियन्त्रणमा लिएको छ।

# गुडिरहेको माइक्रो बसमाथि रुख ढल्दा नौ यात्रु घाइते

मलेखु (धादिङ), २१ साउन (रासस)।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-५ जरेमा गुडिरहेको माइक्रो बसमाथि रूख ढल्दा नौ यात्रु घाइते भएका छन्।

धादिङबाट काठमाडौँतर्फ जाँदै गरेको बागमती १-००६च ६२१२ नम्बरको माइक्रो बसमाथि जरेपुलनजिक रूख ढल्दा उक्त दुर्घटना भएको हो। जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रका अनुसार घाइते यात्रुको गजुरीका विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

"घाइते सबै खतरामुक्त रहेका छन्", प्रहरी नायब उपरीक्षक मिश्रले भन्नुभयो। रूख ढल्दा पृथ्वी राजमार्ग केहीबेर दुइतर्फी अवरूद्ध बनेको थियो। अहिले दुईतफीरूपमा यातायात सेवा सञ्चालन भएको प्रहरीले जनाएको छ।

**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस्।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२

राजविराज नगरपालिका वडा नं. ४, मेनरोड




**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*